PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

## मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल, काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-१३

## “थाईल्याण्ड लाने भनि झुक्याई जवरजस्ती म्यानमार पुऱ्याई बन्धक बनाएर Online Scamming गराएको भन्ने मुद्दामा अनुसन्धानको क्रममा चिनिया नागरिक पक्राउ”

### घटना विवरण:-

दक्षिण पुर्वि एसियाका लाओस,थाईल्याण्ड,म्यान्मार लगायतका देशहरुमा आकर्षक रोजगारीको प्रलोभन देखाई अवैध Online Scamming मा लगाई चरम शोषण गर्ने गरेको भन्ने गुनासोहरु यस व्युरोमा प्राप्त हुने क्रममा थाईल्याण्डगा कम्प्युटर टाईपिङको काम भनि मिति २०७९।०४।०९ गते पिडीत जाहेरवाली समेतलाई नेपाल बाट थाईल्याण्ड लगि जबर्जस्ती १३ घण्टा सम्म बस तथा डुङ्गामा चढाई म्यान्मारको एकिन नाम थाहा नभएको कम्पनीमा पुऱ्याई बन्धक बनाई सक्कल राहदानी तथा मोबाईल समेत जफत गरी अवैध Online Scamming मा दिनको १८ देखी २० घण्टा सम्म काम गर्न बाध्य बनाई चरम श्रम शोषण गरी शारिरीक तथा मानसिक यातना दिई बिरामी भई काम गर्न नसक्ने अवस्थामा पनि काम मै लगाईरहेको अवस्थामा पिडीत नेपाल फिर्ता हुन खोज्दा काममा लगाउने चिनिया नागरिकले फिरौती रकम (Ransom) माग गरेकोमा पिडितले उक्त रकम बुझाएपछि नेपाल फिर्ता भई यस व्युरोमा जाहेरी दर्खास्तका साथ उपस्थित भएपश्चात उक्त कार्यमा संलग्न चाईनीज नागरीकहरु मध्ये तपसील बमोजीमको विवरण भएको चाईनीज नागरीकलाई खोजतलास गर्ने क्रममा मिति २०८०।०३।२७ गतेका दिन काठामाण्डौबाट पक्राउ गरि आजै सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ७ (सात) को म्यादथप अनुमति लिई अनुसन्धान कार्य भईरहेको।

**पक्राउ परेका अभियुक्त:-** चिनको GANSU प्रान्त स्थायी वतन भई काठमाण्डौं का.म.न.पा. वडा नं. १५ बिजेश्वरीमा अस्थायी रुपमा बसोबास गर्ने वर्ष ४२ को Johnson नाम बताउने LIANG JUN (PPE9999552I) चाईनिज पुरुष।

### अभियुक्तको फोटो:-

(LIANG JUN)



## प्रारम्भिकअनुसन्धानबाट खुल्न आएको विवरणः-

- प्रतिवादी सन २०१८ देखि नेपाल आउने जाने गर्ने गरेको, visit, student र Business visa मा नेपालमा बसोवास गरी विभिन्न व्यापार , व्यवसायमा लगानि समेत गरीरहेको बुझिन आएको ।
- जाहेरवाली "२६ बबरमहल १८९" चिनियाँ भाषाको दोभाषे साथी मार्फत चिनियाँ नागरीक LIANG JUN संग भेटघाट भई ४।५ महिना सँगै काम गरिसकेपछि प्रतिवादीले थाईल्याण्डमा कम्प्युटर टाईपीङ सम्बन्धि रोजगारीमा लैजान प्रस्ताव गरेको ।
- पक्राउ परेका प्रतिवादी सम्मिलित गिरोहले नेपालबाट आकर्षक रोजगारीमा थाईल्याण्ड लैजाने भनि नेपाली नागरिकहरुलाई म्यान्मार पठाउने गरेको पाईएको ।
- म्यान्मार पुगिसकेपछि सक्कल राहदानी र मोबाईल जफत गर्ने,बन्धक बनाउने र बिभिन्न सामाजिक सञ्जाल (फेसबुक,ह्वाट्सएप,ट्विटर,ईन्सटाग्राम जस्ता एपहरु) मार्फत दिनको १८ देखि २० घण्टा सम्म online Scamming को काममा लगाउने गरेको पाईएको,उक्त कार्य गर्न नमानेमा शारीरिक मानसीक यातना दिने गरेको ।
- Online Scamming मार्फत विशेषगरी अमेरिकी नागरिकहरुलाई Fake ID मार्फत कुराकानी गरी cryptocurrency , Bit coin लगायतमा लगानी गर्न लगाई ठगी गर्ने गरेको ।
- काम गर्न नसकि फिर्ता हुन्छु भन्नेलाई Ransom रकम माग गर्ने गरेको पाईएको ।
- उक्त गिरोहको मिलोमतोमा थाईल्याण्ड भनि म्यान्मार पठाईएका पीडित जाहेरवाला लगायत कम्तीमा १० जनालाई जबर्जस्ती Online Scamming को काममा लगाउदै आईरहेको भन्ने प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको ।
- प्रस्तुत घटनामा अन्य २ जना चाईनिज नागरिकहरुको संलग्नता रहेको बुझिन आएको, संलग्न अभियुक्तहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भईरहेको ।

प्रबक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं:-९८५१२८१३३०

मितिः- २०८०।०३।२८ गते ।